CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

**Constitution Building e-Bulletin**
A quick and easy way to update yourself on the latest CCD news.

आदरणीय पाठकबृन्द,

'संविधान निर्माण' ई-बुलेटिनको वर्ष १ अङ्क ४ (२०६७ साल, असार) तपाईंसमक्ष प्रस्तुत छ । नेपालको संविधान निर्माणका सन्दर्भमा कार्यरत व्यक्तिहरूका साथै नयाँ संविधानका सन्दर्भमा भइरहेका प्रगतिबारे आफूलाई अद्यावधिक राख्न चाहने अन्य सर्वसाधारणका लागि रोचक एवं सान्दर्भिक सामग्री यसमा समावेश गरिएका छन् । संविधानसभा, संयुक्त राष्ट्रसङ्घ, दातृ समुदाय, सञ्चार माध्यम, नागरिक समाज संस्था, अन्तरराष्ट्रिय गैसस र अन्य निकायसँगको सहकार्यमा यी सामग्री तयार गरिएको हो । सहज उपलब्धताका लागि यी सामग्री संवैधानिक संवाद केन्द्र (सीसीडी)को वेबसाइट (www.ccd.org.np)मा पनि राखिनेछ । आगामी दिनमा जानकारी अद्यावधिक गर्न वा वेबसाइटमा राख्नका लागि कुनै उपयोगी सामग्री वा जानकारी तपाईंसँग भए यस केन्द्रको सञ्चार टोलीलाई उपलब्ध गराइदिनुहुन पनि हार्दिक अनुरोध गर्दछौँ । आफूसँग भएका जानकारी आवश्यक सन्दर्भ-सामग्री र वेबलिङ्कसहित कृपया info@ccd.org.np मा पठाउनुहोला । अङ्क ४ तपाईंका निम्ति रोचक र उपयोगी रहने आशा गर्दछौँ ।

धन्यवाद !

संवैधानिक संवाद केन्द्र (सीसीडी)

## यो इ-बुलेटिनमा

- ❖ संविधान सभामा के हुँदैछ
- ❖ संवैधानिक संवाद केन्द्रमा के हुँदैछ
- ❖ संविधानसभा सदस्य सुनिलबाबु पन्तसँग गरिएको अन्तरवार्ता
- ❖ परियोजनाको नागरिक समाज पहुँच (सीएसओ) एकाइका क्रियाकलाप
- ❖ बीबीसी विश्व सेवा ट्रष्टका क्रियाकलाप
- ❖ संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू

## संविधान सभामा के हुँदैछ[1]

१. प्रधानमन्त्री माधवकुमार नेपालले २०६७ साल असार १६ गते टेलिभिजनमार्फत् राष्ट्रका नाममा सम्बोधन गर्ने क्रममा आफ्नो राजीनामाको घोषणा गर्नुभयो । २०६७ साल जेठ १४ गते एनेकपा (माओवादी), नेपाली काङ्ग्रेस तथा नेकपा एमालेबीच भएको 'तीन दलीय सहमति'का सन्दर्भमा प्रमुख दलहरूबीच विवाद बढेपछि उक्त निर्णय गरिएको हो । संविधानसभाको कार्यावधि विस्तार गर्नका लागि मार्गप्रशस्त गरेको उक्त सहमतिमा प्रधानमन्त्रीको राजीनामाबारे पनि उल्लेख गरिएको थियो । अन्तरिम संविधानको धारा ३८ (९) अनुसार नयाँ सरकार गठन नभएसम्म वर्तमान मन्त्रिपरिषद्ले नै नियमितता पाउँदछ ।

२. राष्ट्रपति रामवरण यादवले असार २३ गतेसम्ममा सहमतिका आधारमा नयाँ सरकार गठन गर्न दलहरूलाई असार १७ गते आह्वान गर्नुभयो । दलहरूको अनुरोधमा पछि यो मितिरेखालाई असार २९ गतेसम्म बढाइएको थियो । अन्तरिम संविधानको धारा ३८ (१) र (२) मा उल्लेख गरिएको छ, "राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ । सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसद्को तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतका आधारमा प्रधानमन्त्री निर्वाचित हुनेछ ।" सरकार गठनसम्बन्धी प्रावधानहरूमा राष्ट्रपतिको कुनै भूमिका (नयाँ प्रधानमन्त्रीलाई सपथग्रहण गराउने बाहेक), समयोचितता वा राजनैतिक सहमतिको परिभाषाबारे विचार गरिएको छैन ।

३. सर्वदलीय वा कम्तीमा दुई तिहाइ बहुमत जुटाउनसक्ने दलहरूको बृहद् गठनबन्धन सरकारको गठन र शान्ति प्रक्रियाका थुप्रै महत्वपूर्ण पक्ष (विशेष गरी माओवादी लडाकुहरूको समायोजन तथा पुनःस्थापना)सम्बन्धी प्रगति संविधानको मसौदा तयार गर्ने प्रक्रियाको पुनःथालनीका लागि पूर्व-आवश्यकताका रूपमा देखिएका छन् । यसैबीच, मसौदा प्रक्रिया सम्पन्न गर्नका लागि नयाँ कार्यतालिका बनाउनेसम्बन्धमा पनि कुनै अन्तिम सहमति जुट्न सकेको छैन ।

४. सात सदस्यीय राज्य पुनःसंरचना आयोग गठन गर्नेसम्बन्धमा संविधानसभाका अध्यक्ष तथा तीन प्रमुख दलहरूबीच असार ३० गते सहमति भयो । उक्त आयोगको कार्यावधि दुई महिना तोकिएको छ ।

५. असार २५ गते बसेको संविधानसभामा प्रतिनिधित्व गर्ने २२ दलहरूको संयुक्त बैठकले राष्ट्रिय सहमतिको सरकार गठनका लागि पहल गर्न एनेकपा (माओवादी), नेपाली काङ्ग्रेस तथा नेकपा एमालेलाई औपचारिक अनुरोध गर्नुका साथै राष्ट्रिय सहमतिको सरकारको स्थानमा बहुमतीय सरकार गठन गर्नका लागि भएका प्रयासप्रति चिन्ता पनि व्यक्त गऱ्यो ।

[1] (२०६७ साल, असार मसान्तसम्म)

६. अन्तरिम संविधानको धारा ९६(क) ("राजस्व र व्ययसम्बन्धी विशेष व्यवस्था") अनुसार असार २९ गते संसद्ले वर्तमान कामचलाउ सरकारद्वारा चालु आर्थिक वर्षको यथार्थ खर्चको बढीमा एक तिहाइ खर्च गर्नका लागि प्रस्तुत गरेको विधेयक पारित गऱ्यो । २०६४ सालमा संविधानसभाको निर्वाचन भएयता यो प्रक्रिया दोस्रो पटक अपनाइएको हो ।

**विवादग्रस्त विषयहरू**

७. संविधानसभाका अध्यक्ष सुवास नेम्बाङ्गले संविधान मसौदा लेखन प्रक्रिया पुनःथालनी गराउने उद्देश्यले राजनैतिक दलका नेताहरूलाई सक्रिय रूपमा संलग्न गराइरहनुभएको छ र संविधान लेखन प्रक्रियालाई तीव्रता प्रदान गर्नेसन्दर्भमा प्रतिबद्धता प्राप्त गर्नुभएको छ । सम्माननीय अध्यक्ष नेम्बाङ्गले असार २१ गते ११ वटा विषयगत समितिका सभापतिहरू तथा संविधानसभामा सहभागी दलहरूका प्रमुख सचेतकहरूसँग नयाँ संविधानको मसौदा तयार गर्नेसन्दर्भमा समाधान गरिनुपर्ने विवादग्रस्त विषयहरूमा छलफल गर्नुभएको थियो ।

८. नयाँ संविधान लेखन कार्य नौ महिनाभित्र (अर्थात् २०६७ चैतसम्ममा) सम्पन्न गर्ने उद्देश्यसहित मसौदा कार्यतालिकाको तयारीमा राजनैतिक दलहरू जुटिरहेका छन् । मसौदा कार्यतालिका सार्वजनिक नगरिएको भए पनि संविधानसभाको मूल कार्ययोजनामा उल्लेख गरिए अनुसार जनपरामर्श कार्यक्रमका लागि दुई वा तीन महिना छुट्टयाइने सम्भावना छ ।

९. एनेकपा (माओवादी)ले असार २६ गते आफ्नो संसदीय दलको कार्यालयमा शान्ति तथा संविधान निर्माण प्रक्रियासँग सम्बन्धित कतिपय विवादग्रस्त विषयहरूसम्बन्धी औपचारिक प्रस्ताव प्रस्तुत गऱ्यो । ती प्रस्ताव वाईसीएल शेल्टरहरू, जनमुक्ति सेनाका लडाकुहरूका लागि छुट्टै सुरक्षा बल स्थापना, कब्जा गरिएका सम्पत्तिसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न उच्चस्तरीय समितिको गठन र सुरक्षा सेनामा समायोजन गर्ने लडाकुको सङ्ख्या निर्धारणका लागि दुई महिनाको समयसीमासँग सम्बन्धित थिए । संविधान लेखन प्रक्रियाका सन्दर्भमा माओवादीले नयाँ संविधानसम्बन्धी सम्पूर्ण विवादग्रस्त विषयहरूको समाधान एक महिनाभित्र गर्न, राज्य पुनःसंरचना आयोग गठन गर्न (संविधानसभाको अधिकारमा चुनौती सिर्जना नहुने गरी), नयाँ संविधान पारित गर्नुपूर्व शान्ति प्रक्रिया सम्पन्न गर्न तथा चैतको अन्त्यसम्ममा लेखन प्रक्रियालाई अन्तिम रूप दिन प्रस्ताव गरेको थियो । नेपाली काङ्ग्रेस तथा एमालेले भने सहमतिको सरकारका सन्दर्भमा सहमत हुनका लागि अपर्याप्त आधार भन्दै ती प्रस्तावलाई अस्वीकार गरेका छन् ।

**नयाँ संविधान र सङ्घीय राज्य संरचनाको दिशामा**

१०. पछिल्ला साताहरूमा भएका भावी सङ्घीय संरचनासम्बन्धी सार्वजनिक बहसहरूमा राजनैतिक नेताहरू तथा टिप्पणीकर्ताहरूले प्रस्तावित 'छ प्रान्त' ढाँचालाई बढ्दो मात्रामा उल्लेख गर्न थालेका छन् । संविधानसभाको राज्य पुनःसंरचना समितिको १४ प्रान्तीय ढाँचाप्रति असहमति जनाउने प्रायःले यो ढाँचा अत्यन्त खर्चिलो वा अनुपयुक्त हुने, साना प्रान्तहरूले धान्न नसक्ने दाबी

गरेका छन् । यी दाबीलाई पुष्टि गर्नका लागि कुनै ठोस अनुसन्धान भने अहिलेसम्म अगाडि बढाइएको छैन ।


११. संविधानसभाको राज्य पुनःसंरचना समितिको एक उप-समितिद्वारा प्रस्तावित दुई वटा ढाँचामध्ये एउटा ढाँचामा 'छ प्रान्त' प्रस्ताव गरिएको छ भने अर्को ढाँचा '१४ प्रान्त'मा आधारित छ । समितिले पछि एउटै मात्र ढाँचा समावेश गर्ने पक्षमा मतदान गरेको थियो । २०६६ साल माघ २१ गते प्रस्तुत गरिएको अन्तिम प्रतिवेदनमा समावेश गरिएको ढाँचा अधिकांश मात्रामा उप-समितिद्वारा प्रस्तावित '१४ प्रान्त'मा आधारित भए पनि यसमा केही महत्वपूर्ण परिवर्तन गरिएका छन् ।[४] नेपाली काङ्ग्रेस तथा सामान्यतया सङ्घीय पद्धतिप्रति कम उत्सुक अन्य दलहरू छ प्रान्तीय ढाँचाको पक्षमा रहेका देखिन्छन् ।

१२. छ प्रान्तीय ढाँचाको विशेषता के के छन् भने यसले नेपाललाई भौगोलिक/सांस्कृतिक परम्पराका आधारमा छ प्रान्त (कर्णाली, लुम्बिनी/भावर, गण्डकी, सगरमाथा, सिम्रौनगढ/जनकपुर र श्रीजङ्गा) मा विभाजित गर्नेछ र यिनीहरूमा सापेक्षिक रूपमा सन्तुलित जनसङ्ख्या हुनेछन् (तल दिइएको तालिका हेर्नुहोस्) । छ वटै प्रान्तलाई भारतको दक्षिणी सीमामा पहुँच उपलब्ध गराउने प्रयास यसमा गरिएको देखिन्छ । पछि प्रस्ताव गरिएको १४ प्रान्तीय प्रस्तावमा जस्तै छ प्रान्तीय ढाँचाले पनि वर्तमान थुप्रै जिल्लाका क्षेत्रहरूलाई विभाजित गर्नेछ ।

१३. प्रान्तहरूका जनसङ्ख्याको बनावटलाई तुलना गर्दा दुई वटा ढाँचाबीचको सर्वाधिक महत्वपूर्ण भिन्नता स्पष्ट हुन्छ । १४ प्रान्तीय ढाँचाले जातीय तथा भाषिक समुदायहरूको सघनताका आधारमा प्रान्तहरू छुट्टयाउन खोजेको छ तर जातीय समूहहरूको वास्तवित बहुसङ्ख्या (उपलब्ध २०५८ सालको जनगणनामा आधारित) भएको स्थानमा भने कुनै प्रान्त सिर्जना गरेको छैन । यी प्रान्तमा बाहुल्य रहेका ('प्रमुख समूहहरू')लाई समेटिनेछन्, उदाहरणका लागि, ताम्सालिङमा तामाङ, नेवामा नेवार, तमुवानमा गुरुङ्ग आदि । छ प्रान्तीय ढाँचामा भने छ प्रान्तमध्ये पाँच वटामा पहाडी ब्राह्मण/क्षेत्री समूहको बहुलता हुनेछ ।

**'छ प्रान्त' ढाँचामा जनसङ्ख्या वितरण**

[४] उपसमितिद्वारा प्रस्तुत गरिएको १४ प्रान्तीय ढाँचा र संविधानसभाको राज्य पुनःसंरचना समितिद्वारा अन्तिममा पारित गरेको ढाँचामा के फरक छ भने पहिलोमा पश्चिमी तराई (थरुहट र पश्चिमी मधेश/लुम्बिनी) र पूर्वी तराई (मधेश र विराट) दुवैमा दुई छुट्टाछुट्टै प्रान्त प्रस्ताव गरिएको छ र पछिल्लो प्रस्तावमा तिनीहरूलाई दुई वटा तराई प्रान्तमा मात्र गाभ्नुका साथै शेर्पा र जडान प्रान्त थपेको छ ।




**'छ प्रान्त' ढाँचामा आधारित सबैभन्दा ठूलो समूह प्रतिशत**

| प्रान्त | जनसङ्ख्या | कुलमा प्रतिशत | सबैभन्दा ठूला समूह/वर्ग (%) |
|---|---|---|---|
| सिम्रौनगढ/जनकपुर | ५१ लाख | २२.७ % | यादव (१४ %) |
| सगरमाथा | ४६ लाख | २०.५ % | पहाडी ब्राह्मण/क्षेत्री (३३.९ %)[3] |
| गण्डकी | ३८ लाख | १६.७ % | पहाडी ब्राह्मण/क्षेत्री (४२.१ %)[4] |
| लुम्बिनी/भावर | ३५ लाख | १५.४ % | थारु (२६.९ %) |
| श्रीजङ्गा | ३४ लाख | १५.१ % | पहाडी ब्राह्मण/क्षेत्री (२९.४ %)[5] |
| कर्णाली | २१ लाख | ९.५ % | पहाडी ब्राह्मण/क्षेत्री (६७.६ %)[6] |

## संवैधानिक संवाद केन्द्रमा के हुँदैछ

**सीसीडी संवाद र गोष्ठी शृङ्खला : नेपालमा सङ्घीय पद्धति : यसले कसरी काम गर्ला ?**



**नेपाललाई सफल सङ्घीय राज्यका रूपमा रूपान्तरित गर्नका लागि नयाँ संविधान र अन्य क्षेत्रमा सम्बोधन हुनुपर्ने मुद्दाहरूबारे इच्छुक संविधानसभा सदस्य, संविधानसभाका कर्मचारी र आम नेपाली जनसमुदायलाई जानकारी दिनका लागि गरिएका यी प्रस्तुति नेपाली र विदेशी विशेषज्ञहरूबाट तयार पारिएका हुन् । यी रोचक कार्यक्रमबारे पढ्दै जाँदा तपाईँलाई यी विषयमा थप**

[3] सबैभन्दा ठूलो एक्लो समूह तामाङ (२०.७ %) हुनेछ भने दोस्रो स्थानमा नेवार (१८.२ %) आउनेछ ।

[4] ठकुरी र सन्यासीलाई समेटिएको छ । सबैभन्दा ठूलो एक्लो समूह मगर (२३.१ %) हुनेछ ।

[5] सबैभन्दा ठूलो एक्लो समूह क्षेत्री (१६ %) हुनेछ भने त्यसपछिका स्थानमा क्रमशः राई (१५.८ %), पहाडी ब्राह्मण (१३.४%) र लिम्बु (९.९ %) आउनेछन् ।

[6] ठकुरी र सन्यासीलाई समेटिएको छ । सबैभन्दा ठूलो एक्लो समूह क्षेत्री (४५.९ %) हुनेछ ।

**जान्न मन लागनसक्छ । यी कार्यक्रमका सम्पूर्ण प्रस्तुति वा पावरप्वाइन्ट स्लाइड प्राप्त गर्नका लागि कृपया** info.ccd.org.np **मा ई–मेल गर्नुहोला ।**

'**आफ्नो स्वतन्त्रतासँग सम्झौता नगरीकनै न्यायपालिका उत्तरदायी हुनसक्छ ?**' विषयक एक कार्यक्रम २०६७ साल असार ७ गते आयोजना गरियो । कार्यक्रमका स्रोत व्यक्तिहरू जोन एच. सिम्स र प्राध्यापक एड रातुश्नी हुनुहुन्थ्यो । प्रस्तुतिहरू न्यायपालिकाको स्वतन्त्रता तथा उत्तरदायित्वमा केन्द्रित रहेका थिए । प्रस्तोता विशेषज्ञहरू विधिको शासन, न्यायपालिकामा नियुक्तिहरू, न्यायपालिकाको उत्तरदायित्व र स्वतन्त्रताका लागि आवश्यक कुराहरू, आर्थिक सुरक्षा, पदावधिको सुनिश्चितता र न्यायिक प्रशासन जस्ता मुद्दाहरूमा केन्द्रित हुनुभएको थियो ।



न्यायपालिका, विधिको शासन र सम्पूर्ण सार्वजनिक संस्थाप्रति जनता विश्वस्त हुनका लागि न्यायिक स्वतन्त्रता अत्यावश्यक रहेको कुरामा जोड दिइएको थियो । साथै नेपाल तथा विश्वभरि नै न्यायपालिकाको स्वतन्त्रतालाई आधारभूत सिद्धान्तका रूपमा स्वीकार गरिएको तथ्य पनि कार्यक्रममा उल्लेख गरिएको थियो । राज्यका विभिन्न अङ्गबीच शक्ति बाँडफाँड अत्यावश्यक रहेको तथ्य स्पष्ट पार्नुका साथै राज्यका तीन अङ्गमध्ये एउटाप्रति भएको जनविश्वासले अन्य दुई अङ्गको विश्वसनीयता पनि बढ्ने हुँदा राज्यका तीन वटै अङ्गले एक अर्काको भूमिका र जिम्मेवारीप्रति सम्मान प्रदर्शन गर्नुपर्ने बताइयो । प्रस्तुतिपश्चात् सहभागीका प्रश्न र टिप्पणीका लागि सत्र खुला गरिएको थियो र आएका विचार एवं प्रश्नप्रति स्रोत व्यक्तिहरूले प्रतिक्रिया दिनुभएको थियो ।

'**शेर्पा : एउटा सानो प्रान्त सङ्घीय पद्धतिमा सफल हुनसक्छ ?**' विषयमा २०६७ साल असार ९ गते आयोजना गरिएको गोष्ठीमा स्रोत व्यक्तिका रूपमा चन्द्रकान्त ज्ञवाली, माननीय लक्की शेर्पा र डा. प्रदीपप्रसाद उपाध्याय सहभागी हुनुहुन्थ्यो । चन्द्रकान्त ज्ञवालीले नेपालको पुनःसंरचनाका लागि प्रमुख मापदण्ड प्रान्तहरूको आर्थिक सम्भाव्यता हुनुपर्ने बताउनुभयो । यसैगरी, भौगोलिक सघनता र जातीय एवं भाषिक पहिचानसम्बन्धी चासोहरूको सम्बोधन जस्ता पक्षहरूप्रति पनि ध्यान दिइनुपर्ने उहाँले बताउनुभयो । माननीय लक्की शेर्पाले भन्नुभयो -शेर्पा जातिमाथि राज्यशक्तिले २४० वर्षसम्म भेदभाव गरेकोले उनीहरूले अहिले स्वायत्त राज्यको माग गरिरहेको हो । डा. उपाध्यायले राज्यको राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा सङ्घीय पद्धतिले सहयोग पुऱ्याउने विचार व्यक्त गर्नुभयो । उहाँले प्रस्तावित शेर्पा राज्य राष्ट्रका दरिला र सफल राज्यमध्ये एक हुनसक्ने दाबी पनि गर्नुभयो ।

'**आत्मनिर्णयको अधिकार : समकालीन संवैधानिक र अन्तरराष्ट्रिय कानुनको बुझाइ**' विषयक कार्यक्रम २०६७ साल असार ११ गते आयोजना गरिएको थियो । प्राध्यापक सुजीत चौधरीले आत्मनिर्णयको अधिकारबारे राजनैतिक र कानुनी बुझाइमा धेरै भिन्नता रहेको बताउनुभयो । आत्मनिर्णयका लागि हुने द्वन्द्व परम्परागत राजनीतिदेखि लडाकु राजनीतिसम्म र निम्न स्तरको शत्रुतादेखि उच्च स्तरको शत्रुतासम्मका विभिन्न स्तरमा उब्जिनसक्ने विचार उहाँले व्यक्त गर्नुभयो । उहाँको विचारमा अन्तरराष्ट्रिय कानुनले छुट्टिन पाउने अधिकारको प्रत्याभूति गर्दैन र पूर्ण अस्तव्यस्ततालाई रोक्ने कार्यमै

यो अधिकार सीमित छ । अधिवक्ता सुरेन्द्रकुमार महतोले 'आत्मनिर्णयको अधिकार'सम्बन्धी कुनै सर्वमान्य परिभाषा र अवधारणा नभएको तथा समय क्रममा यसमा परिवर्तन आएको जानकारी दिनुभयो । उहाँले विविधतायुक्त जनसङ्ख्या भएका राष्ट्रमा हुने गरेको आत्मनिर्णयको अधिकारसम्बन्धी समस्या समजातीय जनसङ्ख्या भएका राष्ट्रमा सामान्यतया नपाइएको पनि बताउनुभयो । उहाँले भन्नुभयो - छुट्टिन पाउने अधिकार भनेको अपवाद मात्र हो र अल्पसङ्ख्यक जनसमुदायमाथि थिचिमिचो र दमन गरिएको खण्डमा मात्र यसलाई लागू गर्न सकिन्छ । प्रस्तुतिपछि टिप्पणी र प्रश्नोत्तरका लागि सत्र खुला गरिएको थियो ।



'**संविधानमा दलित अधिकारको सुनिश्चितता : भारतीय अनुभव**' विषयक प्रस्तुति स्रोत व्यक्तिहरू अशोक भारती र डा. विवेक कुमारद्वारा २०६७ साल असार १६ गते संयुक्त रूपमा गरिएको थियो । अशोक भारतीले सरकारको कार्यसञ्चालन तथा संविधान निर्माणसम्बन्धमा सीमित वा शुन्य अनुभवका कारण नेपालका दलित संविधानसभा सदस्यको प्रभावकारी सहभागितामा अवरोध सिर्जना भइरहेको बताउनुभयो । दलित संविधानसभा सदस्यलाई कानुन निर्माण प्रक्रियासम्बन्धी अनुभव  हुनुपर्छ । उहाँले नेपालका अधिकांश राजनैतिक दल अझै पनि प्रभुत्व जमाउने खालका हुनुका साथै उनीहरू दलितलाई यथोचित महत्व दिनमा अभ्यस्त नदेखिएको बताउनुभयो । डा. विवेकले भारतका अनुसूचित जाति तथा अनुसूचित जनजातिहरूको आरक्षणका सकारात्मक असरहरूलाई चित्रण गर्ने तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।




'**राजनैतिक अग्राधिकार : पक्ष र विपक्ष**' विषयक कार्यक्रम २०६७ साल असार १७ गते आयोजना गरियो । उक्त कार्यक्रममा डा. कृष्ण भट्टचनले ऐतिहासिक रूपमा थिचोमिचो र दमन गरिएका अल्पसङ्ख्यक (आदिवासी, जनजाति, दलित, मधेशी र अन्य)लाई राजनैतिक अग्राधिकार प्रदान गरिनुपर्ने विचार राख्नुभयो । उहाँले राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रारम्भिक प्रतिवेदनमा राजनैतिक अग्राधिकारसम्बन्धमा प्रयोग गरिएका शब्दहरू अस्पष्ट भएका र अल्पसङ्ख्यक जनसमुदायको पक्षमा नरहेका पनि बताउनुभयो । उहाँले राजनैतिक अग्राधिकारका लागि तोकिएको प्रस्तावित दुई वर्षको समयसीमा त्रुटिपूर्ण रहेको र यो नाम मात्रैको रहेको विचार पनि व्यक्त गर्नुभयो । अधिवक्ता दिनेश त्रिपाठीले नयाँ संविधानले व्यापकतामा आधारित, समावेशी र सहभागितामूलक लोकतन्त्र सुनिश्चित गर्नुपर्ने र प्रक्रियात्मक लोकतन्त्रबाट वास्तविक लोकतन्त्रतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो । उहाँले नयाँ संविधानमा राखिने प्रावधानहरू न्यायपूर्ण, निष्पक्ष र तर्कसङ्गत हुनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले सीमान्तीकृत र बहिष्करणमा पारिएका समुदायको



व्यापक राजनैतिक सशक्तीकरण समयको आवश्यकता भएको भए पनि 'राजनैतिक अग्राधिकार' पदावलीको सुस्पष्ट प्रयोग कुनै पनि अन्तरराष्ट्रिय दस्तावेजमा पाउन नसकिएको पनि प्रष्ट पार्नुभयो । उहाँले राज्यको विविधताको महत्वमा जोड दिँदै यसलाई प्रत्येक संस्था एवं राजनैतिक अङ्गमा प्रतिबिम्बित गरिनुपर्ने बताउनुभयो । त्यसपश्चात् सत्रलाई जीवन्त छलफलका लागि खुला गरिएको थियो ।

'**ताम्सालिङ प्रान्त : किनाराबाट आगमन**' विषयक छलफलको आयोजना २०६७ साल असार १८ गते गरिएको थियो । उक्त कार्यक्रममा परशुराम तामाङले प्रस्तावित ताम्सालिङ प्रान्तबाट धेरै तामाङ समुदायलाई नियोजित रूपमा बाहिर पारिएको र यसबाट ताम्सालिङ कमजोर हुने विचार व्यक्त गर्नुभयो । त्यस्तै उहाँले तामाङ समुदायको अग्राधिकार र ताम्सालिङको स्वायत्तताले मात्र २४० वर्षसम्म राज्यले गरेको भेदभावबाट निम्तिएको क्षति र नोक्सानलाई परिपूर्ति गर्नसक्ने विचार व्यक्त गर्नुभयो । डा. महेन्द्र लावतीले अभिकेन्द्रीय संस्थाहरूले राज्यलाई बाँधेर राख्ने र राष्ट्रिय अखण्डतालाई जोगाउने बताउनुभयो । केन्द्रबाट क्षेत्रीय सरोकारहरू संरक्षित नभए र केन्द्रले क्षेत्रहरूमाथि हैकम चलाए असन्तुष्ट क्षेत्रहरूमा विघटनवादको प्रश्न उठ्नसक्छ । मण्डलका अर्का विज्ञ मल्ल के. सुन्दरले नेवा प्रान्त र ताम्सालिङ प्रान्तबीच कुनै विवाद भए सम्मान र विश्वासका साथ द्विपक्षीय स्तरमा समाधान गरिनुपर्ने बताउनुभयो । मुक्तसिंह लामाले ऐतिहासिक प्रमाण र तथ्याङ्कसहित ताम्सालिङ प्रान्तको विश्लेषणात्मक चित्र प्रस्तुत गर्नुभयो ।



## संविधान सभा सदस्य सुनिलबाबु पन्तसँग गरिएको अन्तरवार्ता

बेलारुसबाट शिक्षा प्राप्त गर्नुभएका कम्प्युटर इन्जिनियर, नेपालमा पहिलो चोटि खुला रूपमा आउनुभएका समलिङ्गी विधायक र नेपालका लैङ्गिक अल्पसङ्ख्यकको पक्षमा सङ्घर्ष गर्न औपचारिक संस्था स्थापना गर्ने पहिलो व्यक्ति : यी र अरु थुप्रै विशेषताबाट ३७ वर्षीय सुनीलबाबु पन्तलाई चित्रण गर्न सकिन्छ । उहाँ नेपालका लैङ्गिक अल्पसङ्ख्यक समूहहरूको प्रतिनिधि मात्र नभई संविधानसभाका एक जना अग्रसक्रिय युवा सदस्य पनि हुनुहुन्छ । गोरखामा जन्मेर हुर्किनुभएका पन्तले करिब १३ वर्ष अघि मात्र आफू तेस्रो लिङ्गी भएको स्पष्ट गर्नुभएको थियो । त्यतिबेलै उहाँले स्थापना गर्नुभएको संस्था ब्लु डाइमण्ड सोसाइटी (नीलहीरा समाज)ले नेपालका लैङ्गिक अल्पसङ्ख्यकहरूको लैङ्गिक स्वास्थ्य, मानव अधिकार र हितका लागि स्थानीय समुदायसँग मिलेर तथा राष्ट्रिय स्तरमा कार्य गर्दै आएको छ । हाल उहाँ त्यस संस्थाको अध्यक्ष हुनुहुन्छ । नीलहीरा समाज नेपालमा यस्तो प्रकारको एक मात्र संस्था हो ।

**सीसीडी** : तपाईंको लैङ्गिक पहिचानबारे थाहा पाएपछि तपाईंको परिवारको प्रतिक्रिया कस्तो रह्यो ?

**पन्त** : शुरुमा त उहाँहरू चिन्तित हुनुभयो तर बिस्तारै उहाँहरूले बुझ्नुभयो र यसलाई स्वीकार पनि गर्नुभयो । वास्तवमा मेरो लैङ्गिक झुकावको वास्तविकताबारे पहिले नै थाहा नपाएकाले उहाँहरू दुःखी हुनुभएको थियो । आफू समलिङ्गी भएको जानकारी परिवारलाई दिएपछि काठमाडौँको एउटा मानिस आत्महत्या गर्न बाध्य भएको घटनाबारे मैले उहाँहरूलाई बताएको थिएँ । समलिङ्गी भएर मैले मोलेको जोखिमका कारण मेरी आमा शुरुमा साह्रै चिन्तित हुनुभएको थियो ।

**सीसीडी** : तपाईं कसरी संविधानसभा सदस्य हुनुभयो ?

**पन्त** : अँ, मलाई राजनीतिमा कुनै चाख थिएन तर नेकपा (संयुक्त) का अध्यक्ष हाम्रो कार्यमा रुचि राख्नुहुन्थ्यो र मनोनयनको अन्तिम दिन उहाँहरूले मलाई फोन गरेर संविधानसभाको चुनावमा समानुपातिक प्रतिनिधित्वका लागि नीलहीरा समाजबाट कसैलाई उम्मेदवार बनाउन चाहेको बताउनुभयो । हाम्रो संस्थाका अन्य सदस्यमध्ये कसैको नागरिकता नभएको र कसैको नाम मतदाता सूचीमा दर्ता नभएकोले मैले आफैलाई उम्मेदवार बनाउने निर्णय गरेँ । हामीले नीलहीरा समाजका जिल्ला शाखाहरूलाई पनि चुनावी अभियानमा परिचालन गर्‍यौँ र म गर्वसाथ के भन्न सक्छु भने नीलहीरा समाजका शाखा भएका र अभियान चलाउन सकिने १५ वटै जिल्लामा नेकपा (संयुक्त)ले समानुपातिक प्रतिनिधित्वका पाँच वटै स्थान जितेको थियो । यसरी म संविधानसभा सदस्य भएँ र सङ्घीय गणतान्त्रिक लोकतन्त्र नेपालका लागि नयाँ संविधान लेख्ने ऐतिहासिक कार्यमा योगदान गर्ने अभियानमा सरिक भएँ ।



**सीसीडी** : तेस्रो लिङ्गीको दृष्टिकोणबाट विषयगत समितिका प्रतिवेदनमा राखिएका प्रावधानलाई तपाईं कसरी विश्लेषण गर्नुहुन्छ ?

**पन्त** : हालसम्म म सन्तुष्ट नै छु भन्नुपर्छ । सबैका लागि समानता अपनाउने नयाँ संविधान निर्माणमा मैले आफूलाई समर्पित गरेको छु । मौलिक अधिकार समितिको प्रारम्भिक मसौदामा लैङ्गिक र यौनिक झुकावका आधारमा भेदभाव नगरिने कुरा सुनिश्चित गर्ने प्रावधान राख्नेसन्दर्भमा हामीले सबै प्रमुख दलको सहमति पायौँ । त्यसैगरी उहाँहरूले तेस्रो लिङ्गीलाई  मान्यता प्रदान गर्नुभएको छ; सामाजिक सुरक्षणसम्बन्धी प्रावधानले महिला समलिङ्गी, पुरुष समलिङ्गी, उभयलिङ्गी र परालिङ्गीहरू सबैलाई समेट्ने र जुनसुकै लैङ्गिकता वा लिङ्गका भए पनि सबैले परिवार बनाउन पाउने अधिकारलाई स्थापित गर्ने कुरामा सहमति जनाउनुभएको छ । यसको के अर्थ लाग्छ भने थप कुनै व्याख्या विना कुनै एउटा

‘व्यक्ति’ले अर्को कुनै ‘व्यक्ति’लाई विवाह गर्न पाउनु उनीहरूको अधिकार हो भन्ने कुरा नेपालको नयाँ संविधानले किटान गर्नेछ । यति भनिसकेपछि मलाई के लाग्दछ भने नेपालका अहिलेका सबै दलले समलिङ्गी अधिकारप्रति समर्थन जनाउँछन् ।

**सीसीडी** : नेपालीहरूलाई तीतो राजनैतिक अर्न्तद्वन्द्वको बानी परिसकेको छ तर नेपालमा अन्त्यमा जस्तोसुकै स्वरूपको सरकार निर्माण भए पनि नेपालको संविधान विश्वकै उदार संविधानमध्ये एक हुने देखिन्छ । तपाइँ संविधानसभा एक युवा सदस्य हुनुहुन्छ । संविधानसभाका अरु युवा सदस्यलाई सङ्गठित गर्नमा यो हैसियतले कत्तिको सहयोग गरिरहेको छ ?

**पन्त** : नेताहरूले देशलाई परम्परागत रूपमा अगाडि बढाइरहेको विरोधमा मैले युवा सभासद्हरूलाई सङ्गठित गर्नका लागि अभियान शुरु गरेको थिएँ । सहमति कायम गरिनुपर्ने र संविधानसभाका युवा सदस्यहरूलाई संविधान निर्माणमा अर्थपूर्ण भूमिका दिइनुपर्ने उल्लेख गर्दै हामीले २५० जना सभासद्को हस्ताक्षरसहितको ज्ञापनपत्र दलका नेताहरूलाई बुझाएका थियौं । अघिल्लो पुस्ताले न हामीलाई विश्वास गर्दछ न त आफूबीचमा नै विश्वास सिर्जना गर्न सकेको छ । त्यसैले मैले संविधानसभामा समय लिएरै के भनें भने भिन्न योगदान पुऱ्याउन र सामयिक निर्णय गर्न युवा सभासद्हरूलाई थप जिम्मेवारी दिइनुपर्छ । सम्पूर्ण युवा सभासद्ले आ-आफ्ना दलका नेताहरूमाथि दबाब सिर्जना गरे वर्तमान गतिरोध समाधान गर्न सकिन्छ जस्तो मलाई लाग्छ ।

वर्तमान राजनैतिक गतिरोधको समाधानका लागि उपाय र समयतालिका निर्धारण गर्न हालसालै मलगायत अन्य केही युवा सभासद्ले प्रमुख दलहरूका वरिष्ठ नेताहरूलाई आमन्त्रण गरेर एउटा अन्तरक्रिया कार्यक्रम आयोजना गरेका थियौं । हामीले यसका लागि कस्ता जिम्मेवारी बहन गर्नुपर्दछ र कस्ता बलिदान गर्नुपर्छ भन्ने निर्णय गर्नका लागि हामीले उहाँहरूलाई अनुरोध गऱ्यौं । जेठ १४ गतेको थप बिग्रिएको परिदृश्यले त सहमति र सहकार्यलाई अझ पर धकेलेको छ ।

संविधानसभाको म्याद एक वर्षका लागि थपिएको छ । नेताहरूले राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान निर्माण, शान्ति प्रक्रिया र राष्ट्रिय सहमतिका लागि दत्तचित्त भई लाग्नुपर्ने भएको छ तर उहाँहरू त्यसो गर्न सकिरहनुभएको छैन । हामी नयाँ पुस्ताका सभासद्ले गएको दुई वर्ष कडा मिहिनेत गरेका छौं र संविधानसभाले संविधान लेखनको ८० प्रतिशत जति कार्य सकिसकेको छ । कार्यक्रममा हामीले उहाँहरूलाई के भन्यौं भने सहमतिमा पुगेर संविधान लेखनको कार्यलाई फेरि सुचारु गर्न उहाँहरू सक्षम हुनुहुन्न भने हामी नयाँ पुस्ताका सभासद्हरूले नेतृत्व लिनेछौं र यही ढङ्गले अगाडि बढ्नेछौं ।

**सीसीडी** : अन्त्यमा, तपाइँ पाठकहरूलाई केही भन्न चाहनुहुन्छ ?

**पन्त** : चाहन्छु । कृपया लैङ्गिक अल्पसङ्ख्यकलाई भिन्न प्राणीका रूपमा नहेर्नुहोला । हामीहरू भिन्न छैनौं र हामीलाई समान अवसर दिइएको खण्डमा सांस्कृतिक, सामाजिक र राजनैतिक जीवनका सबै क्षेत्रमा भिन्नता भने ल्याउन सक्छौं । लैङ्गिक अल्पसङ्ख्यकविरुद्ध भेदभाव गर्ने र लाञ्छना लगाउने

चलनमा क्रमशः परिवर्तन आउँदैछ । हामीलाई के लाग्दछ भने हामीविरुद्ध भेदभाव गर्नु हुँदैन र विशेष व्यवहार पनि गर्नु पर्दैन । हामी यो देशका कुनै पनि अन्य नागरिक जस्तै हौं । म लैङ्गिक अल्पसङ्ख्यक समूहका मानिसहरूलाई पनि आफ्नो पहिचानको सम्मान गर्नुका साथै परिवार र समाजप्रति इमानदार हुन आग्रह गर्दछु ।

## नागरिक समाज परियोजनाका गतिविधिहरू

### मगराँत र लुम्बिनी-अवध-थारुवान प्रान्तमा सङ्घीयता संवाद

सीसीडीको प्रायोजनमा सञ्चालन भइरहेको सङ्घीयता संवाद शृङ्खलाको सातौँ र आठौँ भाग प्रस्तावित मगराँत प्रान्तको राजधानी तानसेनमा असार १० गतेदेखि १२ गतेसम्म र घोराही (लुम्बिनी-अवध-थारुवान प्रान्त)मा असार १४ गतेदेखि १६ गतेसम्म आयोजना गरियो । दुवै कार्यक्रम स्थानीय जनतालाई संवेदनशील बनाउने र सङ्घीय पद्धति, नेपालमा यसको व्यावहारिक कार्यान्वयन, यसका अवसर र चुनौतीबारे सुसूचित संवाद थालनी गर्ने तथा यी प्रान्तका जनसमुदायलाई आफ्ना आवश्यकताबारे बोल्न र नयाँ संविधानमा आफूले चाहेको भाषाबारे संविधानसभालाई सुझाउनका लागि अवसर प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेका थिए । यी संवादका सहजकर्ता त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्र केन्द्रीय विभागका प्राध्यापकहरू कृष्ण खनाल र कृष्ण हाच्छेथु हुनुहुन्थ्यो ।

राज्य पुनःसंरचना समितिले गरेको राज्यको पुनःसंरचनाबारे नेपाली काङ्ग्रेसका पाल्पा प्रतिनिधिले तर्क गर्नुभयो, “सङ्घीय पद्धतिले केही जनजाति समुदायका पहिचानलाई मान्यता प्रदान गरेको भए पनि अन्य समूहका पहिचानका धागो खुइलिँदै गएका छन् र यसले गर्दा भविष्यमा द्वन्द्व सिर्जना हुनसक्छ ।” साथै एकात्मक व्यवस्थामा सबैभन्दा बढी विभेदको शिकार भएका दलितका लागि पर्याप्त व्यवस्था हुनुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो ।

प्राध्यापक हाच्छेथुले राज्य पुनःसंरचना समितिले अल्पसङ्ख्यकहरूलाई समष्टि स्तरमा सम्बोधन गरेको भए पनि सूक्ष्म स्तरमा नगरेको औँल्याउनुभयो । यो विचार सुनेपछि मैमूना सिद्धीकीले प्रश्न गर्नुभयो, *“नेपालका चालीस लाख मुस्लिमका मुद्दाहरू १४ वटा प्रान्तले कसरी सम्बोधन गर्न सक्छन् ?”* उहाँले थप्नुभयो - मुस्लिम पहिचानलाई मान्यता प्रदान नगरिएसम्म उनीहरू फेरि पनि अवसर प्राप्त गर्नबाट वञ्चित हुनेछन् ।

सुसूचित संवाद गर्नका लागि प्राध्यापक कृष्ण खनालद्वारा गरिएको आग्रहका सन्दर्भमा गुल्मीका एमाले जिल्ला समिति सदस्य गणेश श्रीपालीले भन्नुभयो, “संविधान निर्माणका लागि व्याकुल स्थिति भएकाले यो संवादले सहभागीहरूको ज्ञानलाई फराकिलो बनाइदिएको छ र विशेष गरी विभिन्न राजनैतिक दलका स्थानीय नेताहरूलाई जानकारी प्रदान गरेका कारण उनीहरू अब संविधान निर्माण प्रक्रियामा थप विश्लेषणात्मक हुनसक्छन् ।” यस्ता जानकारी अझ ठूलो जनसमुदायबीच सम्प्रेषण गर्नसके सङ्घीय

नेपालको संविधान निर्माण प्रक्रियामा अझ धेरै मानिसलाई सम्मिलित गर्न सकिने आशा पनि उहाँले व्यक्ति गर्नुभयो ।

## बीबीसी विश्व सेवा ट्रष्टका गतिविधिहरू

**साझा सवाल कार्यक्रम**

साझा सवालले नेपालको संविधान निर्माणका सन्दर्भमा सर्वाधिक महत्वका विषयलाई ध्यानमा राखेर जेठ र असारमा निम्नानुसारका कार्यक्रम प्रशारण गऱ्यो :

**विधिको शासन – २०६७ साल जेठ १९ गते**

हाल राष्ट्रले सामना गरिरहेका प्रमुख समस्यामध्ये एकका रूपमा विधिको शासनलाई लिइन्छ । त्यसैले हामीले यो गम्भीर रूपमा महत्वपूर्ण विषयमा जेठ १९ गते नेपाल पर्यटन बोर्डको सभाकक्षमा एक कार्यक्रम छायाङ्कन गरेका थियौँ । उक्त कार्यक्रममा लगभग ८० जनाको सहभागिता रहेको थियो । विज्ञमण्डलका तीन जनामध्ये दुई जना प्रमुख राजनैतिक दलबाट हुनुहुन्थ्यो भने एकजना सुपरिचित पूर्व कर्मचारी हुनुहुन्थ्यो । व्यवस्थापिका-संसद्को राज्य व्यवस्था समितिका अध्यक्ष रामनाथ ढकालको जिम्मेवारी राज्य संयन्त्रबाट  नियम र कानुन कार्यान्वयनका क्रममा भइरहेका त्रुटि र अनियमिततालाई हेर्नु हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वाध्यक्ष सूर्यनाथ उपाध्यायले उक्त भ्रष्टाचारविरोधी संवैधानिक निकायको नेतृत्व गरिरहनुभएको समयमा लिनुभएका अडान र गर्नुभएका कार्यका लागि निकै प्रशंसा कमाउनुभएको थियो । तेस्रो विज्ञ एकराज भण्डारी एनेकपा (माओवादी)का तर्फबाट संविधानसभा सदस्य तथा वकिल हुनुहुन्छ । राजनैतिक नेतृत्वमा इमानदारीको अभाव भएका कारण राज्यले कानुनविहीनताको अवस्था सामना गरिरहेको तथ्यमा विज्ञमण्डलका सबै सदस्यले सहमति जनाउनुभएको थियो । उहाँहरूले कानुन कार्यान्वयनका विषयमा पनि विचार व्यक्त गर्नुभएको थियो ।

**संविधान निर्माणका सन्दर्भमा विवादग्रस्त मुद्दाको समाधान –  २०६७ साल जेठ २२ गते**

जेठ १४ गते संविधानसभाको म्याद एक वर्ष थपियो । यो कार्यक्रम बेकरी क्याफे, काठमाडौँमा जेठ २२ गते छायाङ्कन गरी जेठ २३ गते प्रशारण गरिएको थियो । गएको हप्ता दलहरू प्रधानमन्त्रीको पदबारे छलफल गरिरहेका थिए । साझा सवालको यो अङ्क संविधानसभामा केन्द्रित रहेको थियो । विज्ञमण्डलमा तीन प्रमुख दलका नेताहरू हुनुहुन्थ्यो भने कार्यक्रममा लगभग १५० जना सहभागी थिए । विज्ञमण्डलमा हुनुहुन्थ्यो - एनेकपा (माओवादी)का पोलिटब्युरो सदस्य वर्षमान पुन 'अनन्त', नेपाली काङ्ग्रेसका केन्द्रीय समिति सदस्य नरहरि आचार्य र मधेशी जन-अधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव । नेताहरू इमानदार भए छ महिनामा संविधान निर्माण हुने निष्कर्षमा कार्यक्रम टुङ्गिएको थियो । विज्ञमण्डलका अनुसार संविधान निर्माणका सन्दर्भमा दलहरूबीच प्रमुख विवादित मुद्दाहरूका रूपमा राज्यको सङ्घीय प्रणाली, शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्यायपालिका रहेका छन् । सबै दल सँगै

बसेर आपसी विश्वास कायम राख्न सकेमा निश्चित रूपमा केही सहमतिमा पुग्न सकिने र नयाँ संविधान समयमै निर्माण हुनसक्ने तथ्यमा उहाँहरू सहमत हुनुभएको थियो ।

**वर्तमान राजनीतिमा युवा सभासद्हरूको भूमिका –  २०६७ साल जेठ ३० गते**

यो छलफल नेपाल पर्यटन बोर्डमा २०६७ साल जेठ ३० गते छायाङ्कन गरिएको थियो र यसमा विभिन्न संस्थाका ८० जना युवा सहभागी भएका थिए । विज्ञमण्डलमा तीन दलका तीन चर्चित युवा सभासद् हुनुहुन्थ्यो - एनेकपा (माओवादी)का तर्फबाट सभासद् चन्द्रबहादुर थापा 'सागर', नेपाली काङ्ग्रेसका तर्फबाट सभासद् धनराज गुरुङ र एमालेका तर्फबाट सभासद् रविन्द्र अधिकारी । युवा नेताहरूले राष्ट्रको विकासलगायतका विषयहरूमा आफ्ना विचार राख्नुभएको थियो । राष्ट्रले अहिले सामना गरिरहेको सबैभन्दा गम्भीर समस्या भ्रष्टाचार भएको कुरामा उहाँहरू सबै सहमत हुनुभयो । सबैले आ-आफ्ना दल र राष्ट्रबाट भ्रष्टाचार निर्मूल पार्न सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यस्तै नेपाली काङ्ग्रेस र एमालेका नेताहरूले यङ्ग कम्युनिष्ट लिग (वाइसीएल)को विरोध गर्नुभयो र आफ्ना दलले त्यस्तो समूह नबनाउने घोषणा गर्नुभयो । युवा सभासद्हरूले वर्तमान राजनैतिक गतिरोध अन्त्य गर्न आफ्ना दलका शीर्षस्थ नेताहरूलाई दबाब दिने बाचा पनि गर्नुभयो ।

*यो कार्यक्रम छायाङ्कन भएको दुई दिनपछि विभिन्न दलका युवा नेताहरूले आफूसम्बद्ध दलका शीर्षस्थ नेताहरूलाई भेला गरेर वर्तमान राजनैतिक गतिरोध अन्त्य गर्नका लागि दश दिनको अन्तिमेत्थम दिएका थिए ।*

**प्राकृतिक स्रोतको सदुपयोग – २०६७ साल असार १ गते**

साझा सवालले 'प्राकृतिक स्रोतको सदुपयोग' शीर्षकमा एउटा अर्को छलफलको छायाङ्कन २०६७ साल असार १ गते नेपाल पर्यटन बोर्डको सभागृहमा गरेको थियो । साउनमा प्रशारण गर्नका लागि तयार राखिएको यस कार्यक्रममा विद्यार्थी, वन संरक्षणकर्मी, वैज्ञानिक र सार्वजनिक क्षेत्रका व्यक्तिहरूको मिश्रित सहभागिता थियो । विज्ञमण्डलमा हुनुहुन्थ्यो - खानी तथा भूगर्भ विभागका महानिर्देशक सर्वजीत नहतो, स्वतन्त्र अर्थशास्त्री सुजीव शाक्य एवं संविधानसभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिका  सदस्य हरि रोका । नेपालका प्राकृतिक स्रोतहरूबारे पर्याप्त अनुसन्धान नभएको कुरामा विज्ञमण्डलले एकमत प्रकट गरेको थियो । यसका अतिरिक्त उहाँहरूले प्राकृतिक स्रोतको सदुपयोगका सन्दर्भमा नेपालमा उपयुक्त कानुनको अभाव रहेको र राजनैतिक अस्थिरताले गर्दा नेपालका प्राकृतिक स्रोतको उचित उपयोग पनि हुन नसकेको तथ्य औंल्याउनुभयो ।

**वर्तमान राजनीतिप्रति महिला दृष्टिकोण – २०६७ साल असार ३ गते**

यो कार्यक्रम २०६७ साल असार ३ गते काठमाडौँको नेपाल पर्यटन बोर्डमा छायाङ्कन गरिएको थियो । कार्यक्रमका क्रममा नेपालका तीन प्रमुख राजनैतिक दलका चर्चित तीन महिला नेतृले दर्शकबाट आएका चुनौतीपूर्ण प्रश्न एवं जिज्ञासाको सामना गर्नुभएको थियो । जीवनका विभिन्न क्षेत्रका करिब एक

सय जना सहभागीले उहाँहरूलाई वर्तमान राजनैतिक गतिरोध अन्त्य गर्नका लागि महिला सभासद्हरूको दूरदृष्टिका साथै अन्य विभिन्न विषयमा प्रश्न गरेका थिए । विज्ञमण्डलमा हुनुहुन्थ्यो - एनेकपा (माओवादी)की संविधानसभा सदस्य दामाकुमारी शर्मा, नेपाली काङ्ग्रेसकी संविधानसभा सदस्य सुप्रभा घिमिरे एवं एमालेकी संविधानसभा सदस्य राधा ज्ञवाली । कार्यक्रममा सहभागी महिला नेतृहरू वर्तमान राजनैतिक गतिरोधका लागि एक अर्काको दललाई  दोष दिइरहनुभएको थियो । उहाँहरूले आफ्ना दलमा महिला नेतृत्वका लागि प्रयास गर्ने बताउँदै आफ्ना मुद्दाको सम्बोधनका लागि संविधानसभामा आवाज उठाइरहेको प्रसङ्ग पनि थप्नुभयो ।

## संविधान निर्माणसम्बन्धी श्रोतसामग्री एवं पछिल्ला प्रकाशनहरू




**'नयाँ संविधानमा वातावरणीय अधिकारको मूल प्रवाहीकरण : स्वच्छ तथा स्वस्थ वातावरणको हक'** विषयक कार्यपत्रमा अधिवक्ता एल.बी.थापाले सन् १९९२ पछि निर्माण भएका लगभग सबै संविधानमा स्वच्छ र स्वस्थ्य वातावरणको अधिकारलाई प्राथमिकता दिइएको उल्लेख गर्नुभएको छ । कम्तीमा उहाँले सुझाउनुभएका प्रावधानहरूलाई नेपालको नयाँ संविधानको मौलिक हकको खण्डमा समावेश गरिए वर्तमान र भावी पुस्ताको सर्वाङ्गीण विकासका लागि अवसर सुनिश्चित गर्न सकिने ठोकुवा उहाँले गर्नुभएको छ ।




**'नेपालमा सङ्घीयता र जलस्रोत'** विषयक प्रस्तुतिमा रत्न श्रेष्ठले सङ्घीय सन्दर्भमा जलस्रोत व्यवस्थापनसम्बन्धी चुनौतीहरूलाई सम्बोधन गर्नुभएको छ । राष्ट्रियता, अर्थतन्त्र, संरचनात्मक व्यवस्था, प्रशासन, सुरक्षा व्यवस्था र राष्ट्रिय अखण्डता जत्तिकै महत्वपूर्ण विषय जलस्रोत पनि हो । संविधानको ढाँचा कस्तो हुनेछ ? जलस्रोतसँग सम्बन्धित के कस्ता प्रावधानहरू यसमा सम्मिलित गर्नुपर्छ ? देशमा सङ्घीय पद्धति अपनाउने तथा नयाँ संविधानमा जलस्रोतसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने क्रममा संविधानसभाले जलस्रोतको सदुपयोगसम्बन्धमा छलफल गरी उपयुक्त निर्णयमा पुगेर आवश्यक प्रावधानहरूको व्यवस्था गर्नुपर्ने  सुझाव यो कार्यपत्रमा दिइएको छ ।




**'वातावरणीय सङ्घीयता'** विषयमा वरिष्ठ वातावरणीय कानुनविद् नारायण बेलबारेले नेपाली र अङ्ग्रेजीमा तयार पार्नुभएको कार्यपत्रमा सङ्घीय संरचनामा सङ्घीय, प्रान्तीय र स्थानीय सरकारबीच वातावरणीय साधनस्रोत, सेवा वा सामग्रीको उपयुक्त बाँडफाँडबारे चर्चा गरिएको छ र वातावरण संरक्षणका लागि नेपालको नयाँ संविधानमा सम्मिलित गर्नुपर्ने प्रावधानबारे सुझाव पनि दिइएको छ ।

माथिका प्रकाशनहरू २०६७ साल फागुन-चैतमा यूएनडीपीको एसपीसीबीएन परियोजना र विश्व संरक्षण सङ्घ-नेपाल (आईयूसीएन)को सहप्रायोजन तथा इसिमोड, वातावरण मन्त्रालय, नेपाल प्रकृति संरक्षण कोष (एनटीएनसी), संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (यूएनईपी) र विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ)को सहयोगमा आयोजना गरिएका संवाद कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रहरू हुन् ।

**जनचेतना र सहभागिता अभियान २००९-१० - सचेतना पुस्तिका**




यूएनडिपीको एसपीसीबीएन परियोजना अन्तर्गत रहेको नागरिक समाज पहुँच एकाइद्वारा नेपाली भाषामा आकर्षक छपाइमा प्रकाशित यो पुस्तिका साठी पृष्ठको छ । यसको मूल विषयवस्तु छ - 'संविधान निर्माण प्रक्रियामा जनसहभागितालाई प्रभावशाली बनाऔँ' । यो पुस्तिकामा प्रत्येक नागरिक संविधान निर्माणमा सहभागी हुनु किन आवश्यक छ र यसका लागि सुझाव कसरी दिन सकिन्छ भन्नेबारे चर्चा गर्नुका साथै संविधानसभाका विषयगत समितिहरूले आफ्ना प्रतिवेदनमा प्रस्ताव गरेका प्रावधानहरूलाई सङ्क्षेपमा उल्लेख गर्दै संविधानका हरेक खण्डका केही विवरण समेटिएको छ । यो विद्यार्थी र अधिकारकर्मीका लागि उत्तिकै उपयोगी स्रोत हो । यस पुस्तिका प्राप्त गर्न चाहनेहरूले सीसीडी पुस्तकालयमा सम्पर्क गर्न सक्नुहुन्छ ।

~~***~~